June 4th, 2024

Tuesday

National News

प्रमुख समाचार:-

1. लोकसभा चुनाव 2024 को मतगणना जारी

2. प्रधानमन्त्री श्री नरेन्द्र मोदी वाराणसीबाट विजयी, वायनाडबाट कांग्रेसका श्री राहुल गान्धी विजयी

3. इन्डोनेसिया ओपन ब्याडमिन्टनमा भारतका खेलाडी लक्ष्य सेन दोस्रो चरणमा प्रवेश

1. Round Up

लोकसभा चुनाव 2024 को मतगणना चलिरहेको छ। आन्ध्र प्रदेश र ओडिशामा विधानसभा चुनाव र अन्य निर्वाचन क्षेत्रहरूमा सम्पन्न उपचुनावको लागि पनि मतगणना भइरहेको छ।

2. Won Candidates - 1705

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वाराणसीबाट कांग्रेसका अजय राईलाई १ लाख ५० हजारभन्दा बढी मतले पराजित गर्दै विजयी हुनुभएको छ । मध्यप्रदेशको गुनाबाट भाजपाका श्री ज्योतिरादित्य सिन्धिया र खजुराहोबाट श्री विष्णु दत्त शर्मा विजयी हुनुभएको छ। केरलाको वायनाडबाट कांग्रेसका श्री राहुल गान्धी विजयी हुनुभएको छ । पञ्जाबको जलनघरबाट कांग्रेसका श्री चरणजित सिंह चन्नी विजयी हुनुभएको छ। राजस्थानमा चित्रोडगढबाट बीजेपीका श्री चन्द्रप्रकाश जोशी, कोटाबाट भाजपाका श्री ओम बिरला र झालवारबाट भाजपाका दुष्यन्त सिंह विजयी हुनुभएको छ। छत्तीसगढको रायगढबाट भाजपाका श्री ब्रजमोहन अग्रवाल विजयी हुनुभएको छ। भाजपाका उम्मेदवार श्री अमित शाह गान्धीनगरबाट विजयी हुनुभएको छ।

## 3. Sikkim

सिक्किममा पनि एक मात्र लोकसभा सिटका लागि भएको मतदानमा
सिक्किम क्रान्तिकारी मोर्चा एसकेएमका उम्मेदवार श्री इन्द्रहाङ सुब्बा विजयी हुनुभएको छ।

## 4. National LS

लोकसभाका सबै 543 सीटको मतगणनासम्बन्धी जानकारी प्राप्त भइरहेका छन्। ताजा जानकारीअनुसार भारतीय जनता पार्टीले अहिलेसम्ममा 99 सिट जिति सकेको छ भने 144 सिटमा अग्रता कायम गरेको छ।
दोस्रो स्थानमा भारतीय राष्ट्रिय कंग्रेस रहेको छ। कंग्रेस 58 सिटमा अघि रहेको छ भने 41 सिट जितिसकेको छ। त्यसपछि क्रमशः समाजवादी पार्टी, अल इन्डिया तृणमूल कंग्रेस, DMK, तेलगुदेशम पार्टी अघि रहेका छन्। पश्चिम बङ्गालको दार्जीलिङ लोकसभा सिटमा भारतीय जनता पार्टीका उम्मेदवार श्री राजु विष्ट अघि हुनुहुन्छ।

## 5. UP Counting

उत्तर प्रदेशमा दुई निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक भएको छ । भाजपा र कांग्रेसले एक–एक सिट जितेका छन् । पछिल्लो नतिजा अनुसार भाजपा ३२ सिटमा, समाजवादी पार्टी ३६, कांग्रेस ६ सिट र राष्ट्रिय लोकदल २ सिटमा अगाडि छ । आजाद समाज पार्टी कांशीराम (एएसपीकेआर) र अपना दल (सोनेलाल) १–१ सिटमा अगाडि छन् । रायबरेली सिटबाट कांग्रेस नेता श्री राहुल गान्धी ३ लाख ८० हजारभन्दा बढी मतको अन्तरले अगाडि हुनुहुन्छ। भाजपा नेता श्री राजनाथ सिंह लखनऊबाट ६० हजारभन्दा बढी मतले अगाडि हुनुहुन्छ, डा महेश शर्मा गौतम बुद्ध नगरबाट, हेमा मालिनी मथुराबाट, रविकिशन गोरखपुरबाट अगाडि हुनुहुन्छ । अमेठीबाट भाजपाकी नेतृ स्मृति इरानी १ लाख ५० हजारभन्दा बढी मतले पछि हुनुहुन्छ। समाजवादी पार्टीका नेता श्री अखिलेश यादवले कन्नौजमा अनि उहाँकी श्रीमती डिम्पल यादवले मैनपुरीमा अग्रता लिइरहनुभएको छ। अपना दल (सोनेलाल) नेता, मिर्जापुरबाट अनुप्रिया पटेल र नगिनाबाट एएसपीकेआर नेता श्री चन्द्रशेखर अगाडि हुनुहुन्छ।

## 6. Over All Counting

दिल्लीमा भाजपाले सबै ७ सिटमा अग्रता लिएको छ । पञ्जाबमा, सबै १३ सिटहरू मध्ये कांग्रेस ७ सिटमा, आम आदमी पार्टी ३ सिट, शिरोमणि अकाली दल १ र स्वतन्त्र २ सिटमा अगाडि छ ।

हरियाणामा, सबै 10 सीटहरूको मतगणनासम्बन्धी जानकारीहरू उपलब्ध भइरहेका छन्। भाजपा ४ सिटमा र कांग्रेस ६ सिटमा अगाडि छ । चण्डीगढको एक मात्र लोकसभा सीटमा कांग्रेस उम्मेदवार श्री मनिष तिवारीले भाजपा उम्मेदवार सञ्जय टण्डनलाई पछाडि पार्नुभएको छ। जम्मू कश्मीरमा कुल ६ सिटमध्ये भाजपा २ सिटमा, नेशनल कन्फ्रेन्स २ र १ सिटमा स्वतन्त्र छ । नेशनल कन्फरेन्सका उम्मेदवार र पूर्व मुख्यमन्त्री ओमर अब्दुल्ला बारामुल्लाले लोकसभा सीटमा स्वतन्त्र उम्मेदवार इन्जिनियर शेख रसिदलाई पछाडि पार्नुभएको छ। उधमपुर संसदीय क्षेत्रबाट भाजपाका उम्मेदवार तथा केन्द्रीय मन्त्री डा जितेन्द्र सिंहले अग्रता लिइरहनुभएको छ। पीडीपी नेतृ मेहबुबा मुफ्तीले अनन्तनाग-राजौरी निर्वाचन क्षेत्रबाट नेशनल कन्फ्रेन्सका उम्मेदवार मियाँ अल्ताफ अहमदलाई पछाडि पार्नुभएको छ। लद्दाखको एकमात्र संसदीय सिटमा स्वतन्त्र उम्मेदवार हाजी हनिफा अगाडि हुनुहुन्छ । यस सिटमा भाजपाका टासी ग्याल्सन हुनुहुन्छ भने कांग्रेसले छिरिङ नामग्याललाई उम्मेदवार बनाएको छ । हिमाचल प्रदेशमा भाजपा राज्यका सबै ४ निर्वाचन क्षेत्रमा अगाडि छ । उत्तराखण्डमा भाजपा ५ सिटमा अगाडि छ । राजस्थानमा ४ लोकसभा सीटको नतिजा भाजपाको पक्षमा आएको छ । गुजरातमा भाजपाले ८ सिट जितेको छ भने अन्य १७ अगाडि छ । कांग्रेस एक सिटमा अगाडि छ ।

उत्तराखण्डमा भाजपाले नैनीताल-उधमसिंह नगर सीट जितेको छ। पार्टीका उम्मेदवार अजय भट्टले कांग्रेस प्रतिद्वन्द्वी प्रकाश जोशीलाई ३ लाखभन्दा बढी मतले पराजित गर्नुभएको छ । बाँकी चार लोकसभा निर्वाचन क्षेत्रमा पनि भाजपाले अग्रता लिएको छ ।

गढवाल र हरिद्वार निर्वाचन क्षेत्रमा अनिल बलुनी र त्रिवेन्द्र सिंह रावत क्रमशः अगाडि हुनुहुन्छ। तेहरी–गढवालमा मालाराज्यलक्ष्मी शाह अगाडि हुनुहुन्छ । अजय टमटा अल्मोडामा २ लाखभन्दा बढी मतको अन्तरले अगाडि हुनुहुन्छ ।

केरलामा, २० लोकसभा निर्वाचन क्षेत्रहरू मध्ये। कांग्रेस १० सिटमा अगाडि छ भने ४ सिट जितेको छ । सीपीआई (एम) ०१ सिटमा अगाडि छ, आईयूएमएल ०२ सिटमा अगाडि छ, भाजपाले ०१ सिट र अन्यले ०२ सिटमा अग्रता लिएका छन् । कांग्रेस उम्मेदवार श्री शशी

थरूर तिरुवनन्तपुरमबाट विजयी हुनुभएको छ। त्रिशूरबाट भाजपाका उम्मेदवार सुरेश गोपी विजयी भएका छन् ।

## 7. China Moon Mission

चीनको राष्ट्रिय अन्तरिक्ष एजेन्सीले आफ्नो अन्तरिक्ष यान चाङ्गे–६ ले चन्द्रमाको टाढाबाट पृथ्वीतर्फ आफ्नो यात्रा सुरु गरेको घोषणा गरेको छ । यससँगै चीन चन्द्रमाको टाढाको भागबाट नमूनाहरू ल्याउने पहिलो देश बन्नेछ। चाइना नेशनल स्पेस एडमिनिस्ट्रेशनले अन्तरिक्षयान चाङ्गे–६ ले चन्द्रमाको टाढा भागमा उच्च तापक्रममा परीक्षण गर्न सफल भएको छ भने अघिल्लो मिसन चाङ्गे–५ ले खासै सफलता हासिल गर्न सकेको थिएन ।

## 8. Indonesia Open Badminton

इन्डोनेसिया ओपन ब्याडमिन्टनमा भारतका खेलाडी लक्ष्य सेन आज जापानका कान्ता सुनेयामालाई सोझो सेटमा पराजित गर्दै इन्डोनेसिया प्रतियोगिताको पुरुष एकलको दोस्रो चरणमा प्रवेश गरेका छन् । तर, पुरुष एकलमा किरण जर्ज चीनका हङ याङ वेङसँग पराजित भए। बी सुमित रेड्डी र सिक्की रेड्डीको भारतीय मिश्रित युगल जोडीले पहिलो चरणमा भिन्सन चिउ र जेनी गाईको अमेरिकी जोडीलाई पराजित गर्नुअघि कडा संघर्ष गर्नुपरेको थियो।

ट्रीसा जोली र गायत्री गोपीचन्दको भारतीय महिला युगल जोडी चाइनिज ताइपेईका यु-पेई चेङ र यु सिङ् सुनसँग भिड्नेछन्, जबकि पूर्व विश्व नम्बर १ एचएस प्रणयले अखिल भारतीय पुरुष एकल ओपनिङ राउण्ड प्रतियोगितामा प्रियांशु राजावतसँग प्रतिस्पर्धा गर्नेछन्।

## T-20 cricket

न्युयोर्कको नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा भएको 1आ0ई01सी0सी टी–२० विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले श्रीलंकालाई ६ वि केटले पराजित गरेको छ ।